# अनुसूची २:

# वातावरणीय अधिकारको लागि लड्न कानुनको प्रयोग




मानवअधिकार र कहिलेकाहीँ वातावरणीय अधिकार (स्वच्छ र स्वस्थ्य वातावरणको अधिकार) धेरै देशका कानुनले संरक्षण गरेका हुन्छन् । यस पुस्तकमा मानिसहरूले आफ्नो समुदायको संरक्षण गर्न नयाँ कानुन बनाउन कसरी काम गरे वा भएको कानुनमा त्यसको संरक्षणको माग कसरी गरे भनेर धेरै कथाहरू समावेश गरिएको छ ।

पुस्तकको यो भागमा वातावरण प्रभाव मूल्यांकन कसरी प्रयोग गर्ने अथवा तपाईको वातावरणीय अधिकारको लागि लड्न कानुनको प्रयोग कसरी गर्ने भनेर जानकारी दिएको छ । यसमा यदि तपाईको स्थानीय र राष्ट्रिय अदालत र सरकारले संरक्षण नगरेमा अन्तर्राष्ट्रिय सहयोग कसरी जुटाउने भनेर पनि जानकारी दिएको छ ।

वातावरण र स्वास्थ्यको संरक्षणको लागि संघर्ष गर्ने समुदायले धेरैजस्तो असरको बारेमा नसोची प्राकृतिक स्रोत लिन खोज्ने अथवा विकास योजना बढाउन खोजने ठूला संस्था र सरकारको विरोध र हिंसा सहनुपर्छ । यस्ता योजनाहरूले मानिसहरूलाई आफ्नो जमीनबाट विस्थापित गर्न सक्छ, नराम्रो प्रदूषण उत्पन्न गर्न सक्छ, मानव सुरक्षामा खतरा आउन सक्छ वा विषाक्त पदार्थ उत्पादन गर्न सक्छ जसले गम्भीर स्वास्थ्य समस्या उत्पन्न गर्न सक्छ । यी सबै मानवअधिकार र वातावरणीय अधिकारको उल्लंघन हुन् ।

ठूलो व्यावसायिक संस्थासँग धेरै पैसा र शक्ति हुन सक्छ त्यसैले उनीहरू सरकारलाई कानुनको बारेमा सोंच्न र त्यसलाई लागू गराउनबाट रोक्न सक्छन् । जब स्थानीय र राष्ट्रिय कानुन प्रभावकारी हुँदैन, केही अन्तर्राष्ट्रिय कानुन छन् जसले तपाई र तपाईको समुदायको संरक्षण गर्न सक्छ ।

मानिसहरूको लागि वातावरणीय अधिकारको सोंच कानुनी क्षेत्रमा नयाँ छ, त्यसैले यी कानुनहरू के हुने र यसलाई कसरी लागू गर्न सकिन्छ भनेर व्याख्या गर्न अझै बाँकी नै छ । यसले वातावरणीय अधिकारको कानुनी लडाईलाई महत्वपूर्ण बनाउँछ ।

# वातावरण प्रभाव मूल्यांकन

उद्योग र विकास योजनाहरूले धेरै वातावरणीय क्षति गर्ने हुनाले धेरै सरकार, उद्योग र विकासको लागि काम गर्ने संस्थाले कानुनबमोजिम निर्णय गर्ने र योजना बनाउने प्रणाली जसलाई वातावरण प्रभाव मूल्यांकन (Environment Impact Assessment - EIA) भनिन्छ, त्यसको प्रयोग गर्न जरुरी छ ।

वातावरण प्रभाव मूल्यांकनले योजनाहरू जस्तैः बाटो बनाउने, खानी उत्खनन्, हवाई अड्डा बनाउने र अरु औद्योगिक विकासले मानिस, जनावर, जमीन, पानी र हावालाई कस्तो असर पार्छ भनेर व्याख्या गर्छ । यसले सामाजिक समस्या जस्तैः मानिसहरूको विस्थापन र संस्कृति हराउने जस्तै परम्परागत जीविकोपार्जन, ऐतिहासिक र आध्यात्मिक महत्वको ठाउँ आदिमा पर्ने असर पनि हेर्छ । वातावरण प्रभाव मूल्यांकनले यदि योजना अगाडि बढाउनु छ भने कम हानी हुने तरिकाहरूको पनि सुझाव दिनुपर्छ ।

वातावरण प्रभाव मूल्यांकन संस्था आफैंले वा संस्थाले समुदाय र सरकारी प्रतिनिधिसँग मिलेर पनि गर्न सक्छ । (कसरी दुईवटा समुदायले वातावरण प्रभाव मूल्यांकनको प्रयोग गरे भन्ने कथाको लागि पृष्ठ ४६६ र ५६१ हेर्नुहोस्) ।

## वातावरण प्रभाव मूल्यांकनले कसरी काम गर्छ

वातावरण प्रभाव मूल्यांकनमा दुईवटा आधारभूत कार्य समावेश हुन्छः

१. योजनाको असरको बारेमा अध्ययन र यी असरहरूको लिखित प्रतिवेदन । यो मुख्य गरी योजना बनाउने कम्पनीको जिम्मेवारी हो र यसमा समुदायको सहभागिता हुन पनि सक्छ नहुन पनि सक्छ ।

२. मानिसहरूको भेला जसले असर परेका समुदायलाई योजना सुरु हुनुभन्दा अगाडि मूल्यांकन गर्न दिन्छ ।

जब वातावरण प्रभाव मूल्यांकन सावधानीका नियमसहित प्रयोग गरिन्छ, यसले सबैभन्दा राम्रोसँग काम गर्छ (पृष्ठ ३२ हेर्नुहोस्) । यदि वातावरण प्रभाव मूल्यांकनले योजनाबाट खतरा हुने कुरा देखाएमा, योजनालाई रोक्नुपर्छ वा परिवर्तन गर्नुपर्छ । तर धेरैजस्तो योजनाहरूले वातावरण र मानिसलाई गम्भीर, हानी पुऱ्याए पनि यसबाट कुनै हानी हुदैन भनेर देखाउन प्रयोग गरिन्छ । धेरै कम्पनीहरूले समुदायको सहभागितामा प्रतिवेदन लेख्नुपर्ने भए पनि समुदायलाई सहभागिताको निमन्त्रण दिनु अघि नै प्रतिवेदन लेखिसकेका हुन्छन् । कुनै बेला कम्पनीहरूले वातावरण प्रभाव मूल्यांकनसम्बन्धी भेलाको जानकारी पनि दिंदैनन् अथवा त्यसमा सहभागिता जनाउन कठिन बनाउँछन् ।

जब कुनै पनि कम्पनी वा सरकारबाट यस्तो प्रक्रिया हुन्छ तब अक्सर योजना सुरु हुनासाथ समुदायको प्रतिकारको स्थिति उत्पन्न हुन्छ । जे जस्तो भए पनि वातावरण प्रभाव मूल्यांकन समुदाय र सरकारको लागि विकास योजनाको मूल्यांकन सुधारको लागि महत्वपूर्ण प्रक्रिया हो ।



## समुदायले वातावरण प्रभाव मूल्यांकनमा कसरी प्रभाव पार्न सक्छ

विभिन्न श्रोत (कम्पनीबाट मात्र होइन) बाट धेरै जानकारी प्राप्त गर्नु र पर्याप्त समय लिएर सबै सम्भावित असरहरूबारे बुझ्नु वातावरण प्रभाव मूल्यांकनको प्रक्रियामा सहभागिता पाउने तपाईको अधिकार हो । प्रभावित व्यक्तिहरूले आफ्नो कुरा राख्न पाउनुभन्दा पहिले नै धेरैजसो निर्णयहरू गरिसकेको छ । वातावरण प्रभाव मूल्यांकन प्रक्रियामा सहभागी हुनु तपाईको समुदायलाई स्वास्थ्य र स्रोतलाई दीर्घकालीन रूपमा संरक्षण गर्न शिक्षा र सञ्चालन गर्न मद्दत गर्दछ । सधैं विनासकारी योजनालाई रोक्न सम्भव नभए पनि, वातावरण प्रभाव मूल्यांकन सञ्चालन र यसको बारेमा शिक्षा दिनाले तपाईको समुदायको संरक्षण गर्न मद्दत गर्छ ।



## सहभागिताको माग

वातावरण प्रभाव मूल्यांकनमा प्रक्रियामा सहभागी हुन समुदायले माग गर्न सक्छ । कहिलेकाहीं अदालत, सरकार र विकासमा लागेका संस्थाले समुदायको प्रतिनिधिलाई वातावरण प्रभाव मूल्यांकनमा सहभागी हुन दिन्छन् । समुदायका मानिस सहभागी हुन सक्छन् वा गैरसरकारी संस्था वा वकीललाई आफ्नो प्रतिनिधित्व गरिदिनको लागि भन्न सक्छन् । यदि समुदायको मानिसले वातावरण प्रभाव मूल्यांकन प्रक्रियामा सहभागी भए भने उनीहरूले सामुदायिक भेलामा कम्पनीले के गर्न खोजिरहेको छ त्यसको जानकारी दिन सक्छ । सहभागिताले समुदायको अधिकार र जिम्मेवारी बुझ्न र योजनाबाट हुने हानी रोक्न वा योजनालाई रोक्न के गर्नुपर्छ भनेर बुझ्न मद्दत गर्छ ।

## सम्पूर्ण वातावरण प्रभाव मूल्यांकन प्रतिवेदन प्राप्त गर्नुहोस्

समुदायसँग सक्षिप्त जानकारीमात्र नभएर वातावरण प्रभाव मूल्यांकनको सम्पूर्ण कागज हेर्न पाउने अधिकार हुन्छ । वातावरण प्रभाव मूल्यांकन प्रतिवेदनमा “सुरक्षा खतरा”, “सामाजिक खतरा”, “स्वास्थ्य खतरा”, “सफा गर्ने खर्च” समावेश गरिएको हुन्छ । यी खण्डहरूले कम्पनीहरूले विशेष गरी मानिसहरूसँग बाँड्न नचाहेका समस्याहरू व्याख्या गरिएको हुन्छ ।

वातावरण प्रभाव मूल्यांकनमा समावेश गरिएका र नगरिएका दुवै समस्यालाई सञ्चार, सरकारी प्रतिनिधि र जनतासामु बाँड्न सकिन्छ जसले खतरनाक योजनाबाट बँच्ने उपाय निकाल्न मद्दत गर्छ । तपाई यसलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदायमा बाँड्न सक्नुहुन्छ जस्तैः संयुक्त राष्ट्र संघ, जसले समुदायको चासोप्रति ध्यान दिन सरकार र ठूला संस्थामा दबाब सिर्जना गर्छ ।

## खानी उत्खनन्‌विरुद्ध समुदायको विरोध

जुनिन (Junin) को सानो कृषक समुदाय इक्वाडोरमा रहेको एन्डिस पहाडको भिरालो तर सुन्दर क्लाउड फरेष्ट (Cloud forest) क्षेत्रमा अवस्थित थियो । यहाँका मानिसहरू गरिब थिए तर उनीहरूले सयौं वर्षदेखि जमीनबाट आफ्नो जिविकोपार्जन गरिरहेका थिए । भर्खरै जुनिनका मानिसहरूले इतिहासकै सबैभन्दा ठूलो चुनौतीको सामना गर्नुपर्‍योः एउटा कम्पनीले दक्षिण अमेरिकाकै सबैभन्दा ठूलो तामा खन्ने खाल्डो (Coper-pit) उनीहरूको क्षेत्रमा बनाउन थाल्यो ।

जब जापानको खानी उत्खनन् कम्पनी त्यो क्षेत्रको निरीक्षण गर्न आयो, जुनिनका मानिसहरूलाई खनिज पदार्थ खन्दा प्रदूषण हुन्छ भन्ने कुरा थाहा थियो । तर कम्पनीले उनीहरूलाई बाटा, स्वास्थ्य सेवाको लागि क्लिनिक र विद्यालय बनाइदिने बाँचा गरेको हुनाले उनीहरूले खनिजको खोजी गर्न दिए । धेरै समय नवित्दै कम्पनीले तामाको ठूलो खानी भेट्यो र जुनिनका मानिसहरूले भने आफ्नो पानी खनिजबाट निस्कने फोहरले प्रदूषित बनाएको थाहा पाए । मानिसहरू चाँडै नै छालासम्बन्धी रोग र अरु स्वास्थ्य समस्याबाट ग्रसित हुन थाले ।

समुदायले कम्पनीलाई प्रदूषण रोक्नलाई भन्यो । कम्पनीले रोकेन र जुनिनका मानिसहरूले त्यसको विरुद्ध पाइला चाले । खनिज उत्खनन्‌कर्ताहरू बिदामा बसेको बेला, सयौं गाउँलेहरू खनिज क्याम्पमा पसेर, त्यहाँको उपकरण, फर्निचर र अरु महत्वपूर्ण सामान हटाएर त्यसलाई अधिकारीको मातहतमा छोडिदिए । त्यसपछि उनीहरूले क्याम्पलाई जलाइदिए । कम्पनीले यसको बारेमा जानकारी पायो र त्यहाँबाट हात झिक्यो, तर पछि खानीलाई क्यानडाको कम्पनीलाई बेचिदियो ।




क्यानेडियन कम्पनीले समुदाय विभाजन गर्ने काम गर्‍यो । उनीहरूले जुनिनका मानिसहरूलाई धेरै पैसाको प्रलोभन देखाएर आफ्नो जमीन बेच्न भन्यो । केहीले बेचे पनि तर अरुले मानेनन् । कम्पनीलाई यसले झगडा उत्पन्न गर्छ भनेर थाहा थियो । कम्पनीले स्वास्थ्य सेवाको लागि डाक्टर पनि पठायो तर जसले कम्पनीको पक्षमा हस्ताक्षर गर्छ उसको लागि मात्र । यस्तो अन्याय इक्वाडोरबाहिर थाहा भएपछि अन्तर्राष्ट्रिय मद्दतकर्ताले जो विमारी भए पनि हेर्न स्वास्थ्य कार्यकर्ता पठायो ।

इक्वाडोरको कानुनअनुसार वातावरण प्रभाव मूल्यांकन कुनै पनि विकास योजना सुरु हुनुभन्दा अगाडि जरुरी हुन्छ, जुनिनका मानिसहरूले आफ्नो जमीनको संरक्षणको लागि वातावरण प्रभाव मूल्यांकनलाई योजनाको एउटा भाग बनाए । वातावरण प्रभाव मूल्यांकन राम्रोसँग नगरेमा सरकारले खानी उत्खनन् गर्न नदिने कुरा गाउँलेहरूलाई थाहा थियो । इमान्दारीपूर्वक गरिएको वातावरण प्रभाव मूल्यांकनले तामा खानीले मानिसलाई विस्थापित हुन बाध्य गर्छ, वायु प्रदूषण गर्छ, पानी बग्ने ठाउँमा भूक्षय हुन्छ र पानीलाई फोहर, गह्रौं धातु र अन्य विषाक्त पदार्थले कसरी प्रदूषित गर्छ भनेर देखाउँछ भन्ने कुरा पनि थाहा थियो ।

**क्रमशः ...**

**५६१ पेजको बाँकी अंश**

जुनिनका मानिसहरूले आफ्नो फाइदाको लागि कानुनको प्रयोग गर्न सिकिसकेका थिए । कम्पनीले वातावरण प्रभाव मूल्यांकन गरेको कुरा दावी गरेपछि सरकारले पूरा नभएको भनि अस्वीकार गऱ्यो ।

जुनिनका मानिसहरूले पनि सिधै प्रतिकारको प्रयोग गरे जस्तैः बाटो अवरुद्ध गरी कम्पनीलाई त्यो क्षेत्रमा पस्न दिएनन् । समुदायका नेताहरूले सम्पूर्ण नगरपालिकालाई "खानी खनन निषेधित क्षेत्र" घोषणा गरे । धेरै जुक्ति लगाएर जुनिनका मानिसहरूले तामा खानी उत्खनन् गर्ने प्रक्रियाबाट आफ्नो घर, वन जंगल र पानीका स्रोत बचाए ।



## समुदायमा आधारित वातावरण प्रभाव मूल्यांकन

समुदायमा आधारित वातावरण प्रभाव मूल्यांकनले गाउँ, नगर र प्रदेशका मानिसहरूलाई स्रोतहरू जस्तैः हावा, वन्य जनावर, वन्य उत्पादन, जडिबुटी आदिको प्रयोग, संरक्षण र त्यसमा निर्भर हुने तरिकामा साझा समझदारी बनाउन मद्दत गर्छ । यसले समुदायभित्र स्रोतको प्रयोगबारे असमझदारी र झगडा उत्पनन हुन दिँदैन । यसले संगठित संस्था र सरकरालाई चुनौती दिन एकजुट गराउँछ । यसले मानिसहरूलाई विभाजन गरेर पानी, काठ, जमीन र अरु स्रोतको प्रयोग गर्न खोज्ने उद्योगको विरोध गर्न पनि मद्दत गर्दछ ।

समुदायमा आधारित वातावरण प्रभाव मूल्यांकन साधारण हुन सक्छ, जसमा समुदायले कुन स्रोत प्रयोग गर्ने र त्यस स्रोतलाई कसरी संरक्षण गर्ने भनेर सहमति जनाउँदछ । जटिल किसिमको सामुदायिक वातावरण प्रभाव मूल्यांकनमा विस्तृत नक्सा, सर्वेक्षण र नजिकको समुदाय र सहयोगी संस्थासँग मैत्री सम्बन्ध बनाउने पनि समावेश गरिएको हुन्छ ।

समुदायमा आधारित वातावरण प्रभाव मूल्यांकन संगठित संस्थाले र सरकारले गर्ने भन्दा फरक हुन्छ । यसले कानुनी जरुरत समावेश नगरेको पनि हुनसक्छ किनभने यसमा मुख्य गरी समुदायको सोचाइ र मानिसको स्वास्थ्य र संस्कृतिलाई बढी महत्व दिइएको हुन्छ । समुदायमा आधारित वातावरण प्रभाव मूल्यांकनले के कुरा ध्यानमा राख्छ भने वातावरण मूल्यांकनमा प्रयोग हुने कठिन र वैज्ञानिक भाषाहरू धेरै मानिसको लागि अल्मल्याउँदो मात्र हैन तर त्यसलाई कारणबस हटाउन पनि बनाइएको हुन्छ । समुदायमा आधारित वातावरण प्रभाव मूल्यांकन "वातावरणीय असर जाँच्ने तरिका पनि हो" भनेर देखाउन अर्को तरिका हो ।

यस पुस्तकमा भएका धेरै कार्यहरू जस्तैः नक्सा बनाउने (पृष्ठ १५), सामाजिक नाटक (पृष्ठ १८), स्वास्थ्य सर्वेक्षण (पृष्ठ ५००), जलाधार संरक्षण कार्य (पृष्ठ १६४), फोहर गमन (Trash Walk) (पृष्ठ ३९१) र अरु तपाईको समुदायले बनाएको कार्यहरूले समुदायमा आधारित वातावरण प्रभाव मूल्यांकनमा योगदान दिन सक्छ ।

# कानुनी मुद्दा




वातावरणीय अधिकार र न्याय जित्न सक्ने एउटा तरिका भनेको अदालतमा गएर राष्ट्रिय र अन्तर्राष्ट्रि कानुन उल्लंघन गर्ने कम्पनीलाई मुद्दा हाल्ने । प्रदूषण गर्ने कम्पनीलाई गरिएको सफल मुद्दाले तत्काल असर परेको मानिसलाई मात्र संरक्षण नगरेर, अरु ठाउँमा बस्ने मानिसलाई र आउँदो पुस्तालाई पनि संरक्षण गर्छ ।

## के कानुनी मुद्दाले तपाईको समुदायलाई मद्दत गर्छ ?

कानुनी मुद्दा वातावरण न्यायको लागि संघर्षमा सफलतापूर्वक प्रयोग गरिएको छ । तर कानुनी मुद्दा धेरै महङ्गो हुन्छ र धेरै वर्ष समय पनि लिन सक्छ ।

देशमा स्वास्थ्य र वातावरण जोगाउन कानुन भएपनि अदालतमा कानुनी मुद्दा जित्न कठिन हुन्छ । यदि कानुन प्रयोग गरिदैन भने वकिल र न्यायाधीशलाई यसको बारेमा जानकारी नहुन सक्छ । धेरै देशहरूमा जहाँ संगठित संस्था शक्तिवान हुन्छ त्यहाँ न्यायाधीश र नेतामा हुने भ्रष्टाचारले गरिब समुदायलाई आफ्नो अधिकारको लागि आवाज उठाउन कठिन हुन्छ । दुर्भाग्यवश, सफल मुद्दाभन्दा असफल मुद्दा धेरै छन् ।

संगठित संस्था, सरकार र उद्योगविरुद्ध कानुनी मुद्दा गर्नुअघि सोंच्नु पर्ने कुराहरू निम्न प्रकारका छन्:

### लक्ष्यको बारेमा सोच्नुहोस्

तपाईको मुद्दाले के प्राप्त गर्न खोजेको हो त्यो जान्न महत्वपूर्ण हुन्छ । त्यसपछि मुद्दा गर्नु त्यो लक्ष्य प्राप्त गर्ने राम्रो तरिका हो या होइन भनेर निर्णय गर्नुहोस् ।

के तपाई कम्पनीले:

- पोखिएको तेल वा विषाक्त प्रदूषक सफा गरेको हेर्न चाहनुहुन्छ ?
- स्वास्थ्य, जमीन र स्रोतको क्षतिपूर्ति दिएको चाहनुहुन्छ ?
- बन्द गरेर देश वा क्षेत्र छोडोस् भन्ने चाहनुहुन्छ ?

कानुनी लडाईले समुदायलाई परिचालन र शिक्षित गर्दछ । तर लामो मुद्दाले भन्दा बहिष्कार, हडताल र सर्वसाधारण मानिसमा जनचेतना फैलाउने जस्तो कार्यले वार्ता र राजनीतिक सम्झौता छिटो र सजिलोसँग गराउँछ । विचार गर्नुहोस् यदि यस्ता कार्यहरू तपाईको समुदायको लागि सजिलो र बढी प्रभावकारी हुन सक्छ भने । साथै दुवै कानुनी मुद्दा र सिधा कार्याले तपाईको समुदायलाई जित्न मद्दत गर्छ कि भनेर पनि सोंच्नुहोस् ।

### अदालतमा सफलता नपाए पनि के कानुनी मुद्दा सफल हुन सक्छ ?

अवश्य पनि तपाईलाई आफ्नो मुद्दा जित्न मन हुन्छ । तर यदि तपाई मुद्दा जित्नुहुन्छ वा हुन्न भनेर विश्वस्त हुनुहुँदैन भने यसले नजितेको खण्डमा मद्दत गर्छ वा असर गर्छ भनेर सोंच्नुहोस् । कहिलेकाहीं असफल मुद्दाले मानिसहरूको ध्यान समुदायको समस्यामा ल्याउन सक्छ । यदि वातावरणमा भएका नोक्सानी र मानवअधिकार हनन्को मुद्दा तपाईको देशको अदालतमा असफल भए, अन्तर्राष्ट्रिय समुदाय जस्तैः "अन्तर अमेरिकी मानवअधिकार आयोग" वा संयुक्त राष्ट्रसंघमा लान सक्नुहुन्छ (पृष्ठ ५६७ हेर्नुहोस्) । यसले पनि समस्याको समाधान नहुन सक्छ तर तपाईको विवादग्रस्त विषयले अझै बढी ध्यानाकर्षण गर्छ, जे भएपनि यसले धेरै समय र स्रोत लिने गर्छ ।

कहिलेकाहीं असफल मुद्दाले अझै बढी समस्या ल्याउनसक्छ । नराम्रो परिणामले न्यायाधीश र वकिललाई भविष्यमा अरु मुद्दाले पनि जित्न हुँदैन भन्ने विचार आउन सक्छ । गलत प्रचारले मानिसहरूलाई समुदायले विनाकाम पैसा र इनाम खोजेको कुरा सोंच्न बाध्य बनाउँछ । अरु कुनै असफल कार्यले जस्तैः असफल मुद्दाले समुदायको आत्मबल घटाउँछ र विभाजन गर्न सक्छ ।

### कसले मुद्दालाई अदालतमा लान्छ ?

हानीकारक तत्वहरूबाट प्रभावित व्यक्तिहरू, चाहे एक व्यक्ति वा व्यक्तिको परिवार वा सम्पूर्ण समुदाय मुद्दाको काम गर्न र खतरा उठाउन तयार हुन सक्छन् । खासगरी हानी भएको मानिस जो मुद्दामा सहभागी हुन चाहँदैन उसको तर्फबाट कुनै संस्थाले कम्पनीलाई मुद्दा हाल्न सक्दैन ।

### के त्यहाँ हानीको केही प्रमाण छ ?

मुद्दा सफल हुन तपाईले प्रमाणित गर्न सक्नुपर्छः

- मानिसले शारीरिक वा आर्थिक नोक्सानी व्यहोरेको छ ।
- कम्पनीले गर्दा वा कम्पनी जिम्मेवार छ हानीको लागि ।

यदि यी कुराहरू प्रमाणित गर्न प्रमाण नभएको खण्डमा मुद्दाले राम्रो भन्दा नोक्सानी बढी गर्छ । कम्पनीले कानुन उल्लंघन गरेको देखिए पनि यदि तपाईसँग त्यसले केही नोक्सानी गरेको प्रमाण नभएमा तपाई मुद्दा अदालतमा लान सक्नुहुन्न, यदि लगिएमा तपाईले जित्न सक्नुहुन्न ।

### के प्रमाण प्राप्त गर्न सकिन्छ ?

अदालतमा ल्याउन सकिने प्रमाणमात्र अदालतमा उपयोगी हुन सक्छ । जो मानिसहले मुद्दा अदालतमा ल्याउँछ उसले असर भोगेको हुनाले बोल्न सक्नुपर्छ र ऊ सँग बयान दिनको लागि बोल्न चाहने मानिस पनि हुनुपर्छ । उनीहरूले चित्र, अध्ययन, शारीरिक जाँचको लिखित प्रमाण र अरु प्रमाणबाट जुन कम्पनीलाई मुद्दा हालिएको त्यसले असर गरेको कुरा देखाउन सक्षम हुनुपर्छ । नोक्सान प्रमाणित गर्न धेरै गाह्रो हुन सक्छ । उदाहरणको लागि कम्पनीले डाक्टरलाई नै किनेर रसायनले कामदारमा क्यान्सर नभएको तर कामदारहरूको नराम्रो बानी जस्तैः धूमपान, नराम्रो खाना खानुले नै क्यान्सर भएको भन्न लगाउन सक्छ । सोंचको आधारमा सिधै देखिए पनि कानुनी रूपमा "कारण र असर" प्रमाणित गर्न गाह्रो हुन सक्छ ।

### कसले वा के ले हानी गऱ्यो ?

कानुनी मुद्दा मानिस, संगठित संस्था र धेरै देशहरूमा सरकारको विरुद्ध पनि वातावरणमा नोक्सान गरेवापत गर्न सकिन्छ ।

### के मुद्दा बहुराष्ट्रिय संगठित संस्थाको खिलाफ उठाउन सकिन्छ?

बहुराष्ट्रिय संस्थामा सफलतापूर्वक मुद्दा हाल्न दुवै नोक्सानी भएको देशमा र जहाँबाट संस्था आएको हो त्यो देशमा काम गर्न महत्वपूर्ण हुन्छ । यो गर्न महङ्गो र कठिन हुन सक्छ, तर यो गर्न सकिन्छ (पृष्ठ ४९४ र ५२२ हेर्नुहोस्) ।

बहुराष्ट्रिय कम्पनीहरूको उनीहरूले काम गर्ने देशमा शाखा कार्यालय हुन्छ । शाखा कार्यालयमा मुद्दा हाल्न विदेशी हाकीमहरूलाई हाल्नुभन्दा सजिलो हुन्छ । उदाहरणको लागि जब अमेरिकाको तेल कम्पनी चेमरोनले नाइजेरियाको नाइजर डेल्टामा प्रदूषण गऱ्यो, स्थानीय कार्यकर्ताले अमेरिकन कम्पनीलाई मुद्दा नहाली चेभरोन नाइजेरियन शाखा कार्यालयलाई मुद्दा हाले ।




सोही समयमा अन्तर्राष्ट्रिय कार्यकर्ताहरूले कम्पनीलाई आफ्नो प्रक्रियामा परिवर्तन गर्न दबाब दिनको लागि संसारभरीका मानिसहरूलाई चेभरोनको मानवअधिकार हनन् बारेमा शिक्षा दिने कार्यक्रम सञ्चालन गरे ।

### सोंच्नुपर्ने अरू कुराहरू

- नोक्सानी वा दुरूपयोय हालसालै भएको हो ? कानुनी मुद्दा हानी भएको केही वर्षभित्र नै दर्ता गर्नुपर्छ (१० वर्षभित्र) । यसले क्यान्सर जस्तो ढिलो असर गर्ने रोगको बारेमा लड्ने मुद्दा जित्न कठिन हुन्छ, यस्तो रोग गम्भीर भए पनि ।
- के मुद्दा ल्याउने व्यक्ति, उनीहरूको गवाह र वकिलहरू उनीहरूको सुरक्षा खतरामा राख्न चाहन्छन् ? धेरै सरकार र संगठित संस्था आफ्नो शक्तिको प्रदर्शन गर्न कहिले छोड्दैनन्, जसमा शारीरिक हिंसा र हत्या पनि समावेश हुन्छ । जसले यो शक्तिलाई चुनौती दिन्छ उसले आफ्नो ज्यान खतरामा पार्न सक्छ ।
- के त्यहाँ मुद्दालाई तिर्न पैसा छ ? अदालत खर्च, वकिल खर्च, अन्तर्राष्ट्रिय यात्रा, टेलिफोन बिल, प्रमाण जम्मा गर्दा र अरु खर्च पनि यसमा जोडिन्छ ।
- के तपाई धेरै वर्षसम्म मुद्दामा काम गर्न सक्षम हुनुहुन्छ ? मुद्दाले ३ देखि १० वर्ष वा त्यो भन्दा बढी समय लिन सक्छ । कहिलेकाहीँ मुद्दा दर्ता गर्ने व्यक्ति मरिसकेपछि मुद्दाको फैसला हुन्छ ।

# अन्तर्राष्ट्रिय कानुनको प्रयोग

संयुक्त राष्ट्रसंघमा सदस्य देशहरूले (लगभग संसारको सबै देश) सबै मानिसहरूको वातावरण अधिकार जोगाउन धेरै कानुन र महासन्धिहरू (Convention) मा सहमति जनाएका छन् । मानवअधिकार हरेक मानिस र समुदायको लागि हो र कसैले पनि यसलाई कहीँ लान सक्दैन । यी अधिकारहरू अन्तर्राष्ट्रिय स्तरमा स्वीकृति प्राप्त छन् तर यसलाई प्रभावकारी बनाउन मानिसहरू यसको बारेमा थाहा पाउनुपर्छ र प्रयोग गर्नुपर्छ । राष्ट्रिय स्तरमा यसका कार्यान्वयन भएको छ भनेर विश्वस्त नभइकन अन्तर्राष्ट्रिय कानुन र महासन्धिहरू पनि प्रभावकारी हुँदैन ।




## अन्तर्राष्ट्रिय सहमति

धेरै अन्तर्राष्ट्रिय सहमतिले मानवअधिकार र वातावरण जोगाउँदछ । दुर्भाग्यवश कोही मानिस वा समूहले यस्ता सहमति उल्लंघन गरेको खण्डमा मुद्दा हाल्न मिल्दैन । जुन देशले सहमतिमा हस्ताक्षर गरेको छ उसले मात्र गर्न पाउँछ तर उनीहरूले विरलै गर्छन् । यस्ता सहमति सरकारको विरुद्ध लागू गर्न सकिन्छ तर बहुराष्ट्रिय कम्पनीको विरुद्ध गर्न सकिंदैन । धेरै देशहरूमा अन्तर्राष्ट्रिय कानुन त्यस देशको अदालतमा प्रयोग गर्न मिल्छ । अन्तर्राष्ट्रिय सहमतिले के भन्छ भनेर जान्नाले तपाईलाई अन्तर्राष्ट्रिय समुदायको कुनै विषयप्रतिको दृष्टिकोण बुझ्न र मानवअधिकारको लागि कार्यक्रम बनाउन मद्दत गर्छ ।

यदि मानिसहरूलाई उनीहरूको अधिकार र सहमति जुन धेरै देशहरूले उनीहरूको सम्मान गर्न बनाएका छन् त्यसको बारेमा थाहा भएमा उनीहरूले आफ्नो अधिकारको अझ राम्रो प्रयोग गर्न सक्छन् र सरकारको जवाफदेहिता पनि बहन गर्न सक्छन् ।

तल केही अन्तर्राष्ट्रिय सहमतिको वेवसाइटसहित दिएको छ जसले मानवअधिकार र वातावरण जोगाउँछ । यसमा तपाईले सहमतिको बारेमा जानकारी र कसरी प्रयोग भएको छ त्यसको पनि जानकारी लिन सक्नुहुनेछ (पृष्ठ ४६७ मा विषाक्त पदार्थको केही सहमतिको व्याख्या गरिएको कुराको लागि पृष्ठ ४६७ हेर्नुहोस्) ।

**The United Nations Charter**
www.un.org/aboutun/charter/

**The Universal Declaration of Human Rights**
www.un.org/Overview/rights.html

**The Convention on the Rights of the Child**
www.unhchr.ch/html/menu3/b/k2crc.htm
www.unicef.org/crc/

**The United Nations Framework Convention on Climate Change**
unfccc.int/2860.php

**The Convention on Biological Diversity**
www.biodiv.org/default.shtml
www.iisd.ca/biodiv/cbdintro.html

**The Declaration on the Right to Development**
www.unhchr.ch/html/menu3/b/74.htm

**The International Covenant on Economic, Social and Cultural Rights**
www.unhchr.ch/html/menu3/b/a_cescr.htm

**The United Nations Declaration on Social Progress and Development**
www.unhchr.ch/html/menu3/b/m_progre.htm

**The United Nations Vancouver Declaration on Human Settlements**
www.un-documents.net/van-dec.htm

**The Stockholm Convention on the Elimination of POPS**
www.pops.int
www.ipen.org

**The Basel Convention on the Control of Transboundary Movements of Hazardous Wastes and Their Disposal**
www.basel.int/text/con-e.htm
www.ban.org

**The Bamako Convention on the Ban of the Import into Africa and the Control of Transboundary Movement of Hazardous Wastes within Africa**
www.londonconvention.org/Bamako.htm
www.ban.org/Library/bamako_treaty.htm

**The Rotterdam Convention on the Prior Informed Consent (PIC) Procedure for Certain Hazardous Chemicals and Pesticides in International Trade**
www.pic.int/

**The Convention on the Prevention of Marine Pollution by Dumping of Wastes and Other Matter**
www.imo.org/Conventions/contents.asp?topic_id=258&doc_id=681
www.londonconvention.org

**The Dublin Statement on Water and Sustainable Development**
www.wmo.ch/web/homs/documents/english/icwedece.html

**The Millennium Declaration of Johannesburg**
www.johannesburgsummit.org/html/documents/summit_docs/political_declaration_final.pdf

## अन्तर्राष्ट्रिय फोरम र विशेष विधि

मानिसहरूले आफ्नो मानवअधिकार प्रतिको संघर्षमा ध्यान केन्द्रित गर्न अन्तर्राष्ट्रिय कानुनी फोरम जस्तै अमेरिकन संस्था American States Inter-American Court, विश्व अदालत र संयुक्त राष्ट्रसंघको मानवअधिकारमा समेत आवाज उठाएका छन् । अन्तर्राष्ट्रिय ध्यानले देशलाई वार्ता गर्न र कर्पोरेट कार्य रोक्न जसले वातावरणलाई हानी गरेको छ र मानवअधिकार उल्लंघन गरेको छ, त्यसमा दबाब दिन सक्छ ।

जुन देशको अदालतमा मानवअधिकार हनन् भएको समाधान भएको छैन वा राष्ट्रिय कानुन र राष्ट्रिय अदालत समान नभएको कुरा व्याख्या गर्न गइन्छ त्यहाँ विभिन्न कारणले असफलता हुन्छ ।

संयुक्त राष्ट्रसंघले मानवअधिकार हनन् नहुन दिन विशेष विधि अपनाएको छ । यी विशेष विधिहरू कुनै मानिसले वा समूहले सरकारको आज्ञाविना नै प्रयोग गर्न सक्छ र यो कुनै महासन्धि वा अभिसन्धिमा भर पर्दैन ।

मानिसले यो विशेष विधिको प्रयोग मानवअधिकारविद् जसलाई "Special Rapporteurs" भनिन्छ, सँग सम्पर्क गरेर गर्न सक्छन् । उनीहरूले आफ्नो काम गर्ने क्षेत्रमा (जसलाई Mandate भनिन्छ) भएको मानवअधिकार हनन्को जाँच गर्छन् जस्तैः खानेकुराको अधिकार, स्वास्थ्यको अधिकार, विषाक्त फोहरको विसर्जन र अरु धेरै । यी विशेष Rapporteurs लाई साधारण चिठ्ठी र त्यस सहित समस्याको बारेमा प्रतिवेदन, कागजपत्र र अरु लिखित जानकारीका साथ सम्पर्क गर्न सकिन्छ । Rapporteurs ले यी समस्यालाई संयुक्त राष्ट्रसंघ मानवअधिकारमा वा कहिलेकाहीँ संयुक्त राष्ट्रको साधारणसभामा पेश गर्न सक्छन् ।

Rapporteurs हरूको नाम, उनीहरूको कार्य क्षेत्र (Mandates) र सम्पर्क जानकारी संयुक्त राष्ट्र मानवअधिकारको वेवसाइट (www.ohchr.org) को “विषयको आधारमा मानवअधिकार” अन्तर्गत प्राप्त गर्न सकिन्छ ।

